# सुनवर्षी नगरपालिकाको संक्षिप्त परिचय

मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरबाट करिब ३० किलोमिटर पूर्व दक्षिण क्षेत्रमा अवस्थित सुनवर्षी नगरपालिकालाई नेपाल सरकारको मिति २०७३/११/२२ गतेको निर्णयानुसार साविकका अमरदह गाविस, डाइनिया गाविस र आंसिक रुपमा गोविन्दपुरको वडा नं २,५,६,८,९, रंगेली नगरपालिकाको ९,१०,११ र वरडंगाको गाविसको २,३,६,८,९ समावेश गरी सुनवर्षी नगरपालिकाको रुपमा घोषणा भएको हो । यस नगरपालिकाको कार्यालय डाईनियामा राखिएको छ।

२०७३/११/२२ गते स्थापना भएको सुनवर्षी नगरपालिकाको पूर्वमा यसै जिल्लाको रतुवामाई न.पा, पश्चिममा रंगेली न.पा र कानेपोखरी गाउँपालिका, उत्तरमा पथरी शनिश्चरे न.पा र दक्षिणमा भारतीय बोर्डरसँग सिमाना जोडिएको छ भने यस नगरपालिकाको कुल क्षेत्रफल १०६.४ वर्ग कि.मि रहेको छ । यस नगरपालिकालाई जम्मा ९ वटा वडाहरुमा विभाजन गरिएको छ भने यस नगरपालिकाको कुल जनसंख्या ५६,०३४ रहेको छ ।

भौगोलिक हिसाबले ८७° २९' ५६" देखि ८७° ३६' १" पूर्वी देशान्तर र २६° २३' ३६" देखि २६° ३४' ३५" उत्तरी अक्षांशमा अवस्थित सुनवर्षि प्रदेश नं. १ क्षेत्रको एउटा प्रमुख धार्मिक, ऐतिहासिक तथा व्यवसायिक औधोगिक क्षेत्र हो ।

( Sunawarshi (Nepali: सुनवर्षी) is an urban municipality in Morang District of Province No. 1 of Nepal. It is one out of nine urban municipalities of Morang District. The municipality was formed in March 2017 merging some former VDCs: e.g. Amardah, Gobindpur, Bardanga and Dainiya, also taken 3 wards from Rangeli Municipality. The municipality is divided into 9 wards and total area of the municipality is 106.4 km and the population of the municipality is 56034 according to the census of Nepal in 2021, It is surrounded by Ratuwamai in east, Rangeli and Kanepokhari in west, Pathari Sanischare in north and India in south. )

# सुनवर्षी नगरपालिकाको विस्तृत विवरण

| क.सं. | वडा नं. | समावेश गाविस/नगरपालिका | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | अमरदह(४-६) | ५१४५ | १२.६८ |
| २ | २ | अमरदह(१-३) | ३९५८ | ६.७ |
| ३ | ३ | अमरदह(८) र गोविन्दपुर(२) | २८३० | ८.०९ |
| ४ | ४ | अमरदह(७,९) र रंगेली(११) | ७३९८ | १७.०६ |
| ५ | ५ | रंगेली(९,१०) | ५६२८ | ९.०४ |
| ६ | ६ | गोविन्दपुर(५,६,८,९) | ७५९० | १५.५ |
| ७ | ७ | वरडंगा(२,३,६,८,९) | ७०३३ | ११.०२ |
| ८ | ८ | डाइनिया(१-४) | ८२८५ | १६.९५ |
| ९ | ९ | डाइनिया(५-९) | ८१६७ | ९.३५ |
| | जम्मा | | ५६०३४ | १०६.३९ |

| **Sunawarshi Nagarpalika** | |
|---|---|
| Nagarpalika (Muncipality) | |
| **Country** |  Nepal |
| **Province** | Province No. 1 |
| **District** | Morang District |
| **Wards** | 9 |
| **Established** | 22 Falgun 2073 |
| **Government** | |
| • **Chairperson** | Mr. Shyam Prasad Rajbanshi (NCP) |
| • **Vice-chairperson** | Mrs. Mira Devi Das Kewrat (NCP) |
| **Area** | |
| • Total | 106.4 $km^2$ |
| **Population (2017)** | |
| • Total | 56,034 (Census 2021) |
| **Time zone** | UTC+5:45 (Nepal Standard Time) |
| **Area code(s)** | +977-021 |
| **Office** | Sunawarshi Ward No. 9 |

## सुनवर्षि नगरपलिकाको नक्सा




स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016